# बटेश्वर गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

**बटेश्वर, धनुषा**

**मधेश प्रदेश, नेपाल**

प.सं. २०७९।०८०

च.नं. १८४८

मिति : २०८०।०२।१०

**विषय : दशौं गाउँसभाको तयारी बारे।**

श्री सबै वडा कार्यालयहरु (१-५)

श्री सबै शाखाहरु, बटेश्वर गाउँपालिका

श्री बटेश्वर गाउँपालिका भित्र रहेका र बटेश्वर गाउँपालिका भित्र काम गर्न ईच्छुक सबै गैर सरकारी संघ संस्था उपभोक्ता समिति, सहकारी संस्था लगायतका सामाजिक तथा सामूदायिक संघसंस्थाहरु।

प्रस्तुत विषयमा यस बटेश्वर गाउँपालिकाको आगामी आर्थिक वर्ष ०८०।०८१ को बजेट तथा कार्यक्रम तर्जुमा गर्नको लागि दशौ गाउँसभा निम्न कार्यक्रम अनुसार यहि २०८०।०३।०८ गते शुक्रावर दिनको ११:३० बजे देखि प्रारम्भ हुन भएकोले निम्न तालिका अनुसार हुने गरी बजेट तथा कार्यक्रम तर्जुमा लगायतका कार्यमा सहयोग गरिदिनु हुन र चालु आ.व.को कार्यक्रम, हाल सम्मको प्रगति विवरण बजेट खर्च हिसाब तथा आगामी आ.व ०८०।०८१ को लागि वडास्तरीय गाउँस्तरीय र शाखागत सञ्चालन हुने कार्यक्रम तथा बजेट तयार गरी पेश गर्नुहुन कार्यपालिकको मिति २०८०।०२।०९ गतेको बैठकको निर्णय प्रतिलिपी समेत यसैसाथ संलग्न राखी पठाइएको व्यहोरा जानकारीको लागि अनुरोध छ।

**बजेट तथाकार्यक्रमतर्जुमा चरणहरु**

| सि.नं. | कार्यक्रम विवरण | मिति | | कार्यान्वयन स्थान |
|---|---|---|---|---|
| | | देखि | सम्म | |
| १ | स्थानीय राजश्व परामर्श समितिले गर्नुपर्ने (आय अनुमान) बजेट सम्बन्धि कार्यहरुको बैठक | २०८०।०२।१४ | | उपाध्यक्ष/ बटेश्वर गा.पा. |
| २ | श्रोत अनुमान तथा बजेट सिमा निर्धारण समितिले बजेट तर्जुमा सम्बन्धि कार्यहरु | २०८०।०२।१५ | | अध्यक्ष/ बटेश्वर गा.पा. |
| ३. | सबै वडा कार्यालयहरु (बस्ती/बस्ती, गाउँ टोलबाट योजना संकलन छनौट गरी वडा समितिबाट प्राथमिकिकरण निर्णय गरी कार्यपालिकामा पेश गर्ने | २०८०।०२।१५ | २०८०।०२।२० | सबै वडा कार्यालय, गाउँ, टोल बस्ती |
| ४ | बजेट तथा कार्यक्रम तर्जुमा समितिले गर्नुपर्ने बजेट तर्जुमा सम्बन्धी कार्यहरु (एकिकृत बजेट तथा कार्यक्रम तर्जुमा) | २०८०।०२।२१-२५ सम्म | | बटेश्वर गा.पा. |
| ५ | सबै विषयगत शाखाहरु (गाउँ स्वास्थ्य समिति, गाउँ शिक्षा समिति तथा अन्य) ले बजेट तर्जुमा गरी कार्यपालिकामा पेश गर्ने | २०८०।०२।२८ | | |
| ६ | विधायन समितिको बैठक | २०८०।०२।२५ | | |
| ७ | बटेश्वर गाउँ कार्यपालिकाको उपरोक्त समिति, वडा कार्यालयहरु, विषयगत शाखाहरुबाट प्राप्त बजेट तर्जुमा सम्बन्धी प्रतिवेदन माथि छलफल गरी नीति तथा कार्यक्रम बनाई बजेट तथा कार्यक्रम तर्जुमा गरी (राजश्व र व्ययको अनुमान) पारितको लागि गाउँ कार्यपालिकाममा छलफल तथा निर्णय | २०८०।०२।३० गते दिनको १:३० बजे | | बटेश्वर गा.पा. |
| ८ | गाउँसभा प्रारम्भ बजेट तथा कार्यक्रम माथि छलफल तथा स्वीकृत | २०८०।०३।८ गते दिनको ११:३० बजे देखि | | बटेश्वर गा.पा. |
| ९ | गाउँसभाबाट वार्षिक बजेट तथा कार्यक्रम स्वीकृती | २०८०।०३।२५ दिनको ११:३० बजे | | बटेश्वर गा.पा. |

बोधार्थः

श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरवार, काठमाण्डौ।

श्री मुख्य मन्त्री तथा मन्त्री परिषद्को कार्यालय, मधेश प्रदेश, जनकपुरधाम।

श्री जिल्ला प्रशासन कार्यालय, धनुषा।

श्री जिल्ला समन्वय समितिको कार्यालय, धनुषा।

श्री गा.पा.अध्यक्ष/उपाध्यक्ष/कार्यपालिका सदस्यज्यूहरु,

श्री सूचना प्रविधि शाखा : वेवसाइट, फेसबुकमा अपलोड गरी इमेल गर्नुहुन।

.........................................

सन्तोष कुमार शर्मा

प्रमुख प्रशासकीय अधिकृत

**सन्तोष कुमार शर्मा**
**प्रमुख प्रशासकीय अधिकृत**

सम्पर्क: गापा अध्यक्ष ९८५४०२३०५१, गापा उपाध्यक्ष 9854029943 प्रमुख प्रशासकीय अधिकृत ९८५४०५०९०१

email:bateshwormun@gmail.com, web: www.bateshwormun.gov.np

CamScanner